# १. चूलापूजा :

किरात राईहरुको सवभन्दा ठूलो देव भनेको नै तीन चुलो हो । यसले घर, दाजुभाई र कुटुम्ब गरी तीन समुहको प्रतिनिधित्व गर्दछ । किरात राईहरुले घरको बिचभागमा तिनमा चुला राखेका हुन्छन । चुलाको ठिक माथि भार हुन्छ । भार भन्दा माथि पित्रीकक्ष राखेका हुन्छन । कसैले पित्रीकक्षलाई सुँवा, कसैले मछेम, कसैले मछामा वा मछाकुमा भन्दछ । भाषिक राई अनुसार फरक नामले पुकारन्छि। पित्रीकक्षमा मरेर गएका पिता पुर्खाहरुको आत्मा बसेको हुन्छ भनि विस्वास गरिन्छ । हरेक किरात राईहरुको साझा विशेषता नै तीन चुलो हो । मुलघर परिवारबाट अलग भएपछि उसले थपना गर्ने पहिलो वस्तु नै चुला हो । सामान्य भात भान्सादेखि कर्म धर्म रीतिथीतिका सम्पूर्ण कुराहरु गर्ने थलो पनि यही चुला नै हो ।

किरात राईहरुले इतिहासिक पुर्खाहरुलाई खोज्न टाढा जान पर्दैन । यही चुला नै पितृथलो हो । चूलापूजा बिशेष उधौली र उभौलीमा गरिन्छ ।त्यस्तै अरुबेला नुवांगी, तिधाम, छिदाम र छमदम, दिवुमी वा सुरुमी शिकारी पुजा तथा अन्य विविध पूजाहरु जस्तै पितृहरुलाई खुसी पार्न तथा दुःख विमार भएको बखत बलदेउ कुनै दुःखकष्ट नदेउ आशिक देउ भन्ने कामना गर्न चूलापूजा गरिन्छ यसबाहेक अन्य चिन्ताचार गरेको बेला उकारमा बल माग्न धामीद्वारा चोखो रक्सी र मर्चाले पूजा गर्ने प्रचलन रहेको छ ।

## २. उभौली चूलापूजा :

उभौली भनेको बैशाखे पुर्णे देखि ऋतु परिवर्तन भै तराई तिर अत्यधिक गर्मी बढ्ने, तातो हावा चल्ने, बर्षात हुने हुंदा पशुपंक्षी, चराचुरूङ्गी, माछाहरू गर्मी/तातो हावापानी छल्नलाई चिसो स्थान खोज्दै, उभो हिमाल तर्फ जाने हुनाले "उभौली" भनिएको हो । उभौलीमा खेतीबाली लगाउने समय भएको हुंदा, समयमा नै वर्षा होस। माटो मलिलो होस । छरेको रोपेको बिउहरू सबै उम्रियोस । लगाएको बाली सप्रियोस । अन्न, फलफुल, बोट बिरूवाहरूको बीउ नमासियोस । बाढी पहिरो, हुरि बतासले लगाएको बाली नबिगारि देउस । कुवा, पंधेरो, खोला नालामा पानिको मुल फुटोस । भिर पहरा, बन जंगलको सबै बोट बिरूवाहरू हुर्कियोस, फैलियोस भनि साकेला (भुमी) पुजा गर्न जानु पुर्व तिन चूलाबाट बल माग्ने कार्य गरिन्छ ।

## ३. उधौली चूलापूजा :

उधौली भनेको मंसिरे पुर्णे देखि ऋतु परिवर्तन भै हिमाल तिर अत्यधिक जाडो बढ्ने, चिसो हावा चल्ने, हिउँ पर्ने हुंदा पशुपंक्षी, चराचुरूङ्गी, माछाहरू जाडो/चिसो हावापानी छल्नलाई तातो स्थान खोज्दै, उधो तराई तर्फ जाने हुनाले "उधौली" भनिएको हो । किराँत समुदायले आफुले लगाएको अन्नबाली पाकेपछी प्रकृति र पूर्खालाई चढाएपछि मात्र खाने चलन छ । उधौलीमा

खेतीबाली पाकेर थन्क्याउने समय भएको हुंदा पहिला पितापुर्खाहरुलाई चढाएर अन्नको सह माग्दै,रुपैया पैसाका सह माग्दै, पशु पंक्षीहरू फैलियोस, सबै जिवजन्तु, बोटबिरूवा, खोलानाला, हिमाल पहाड, बन जंगल, आकाश पाताल, जुन घाम, तारा सबै नै सन्तुलित रहि रहोस भनि किरात राईहरुको आदिम पितृदेव पारुहाङ सुम्निमा तथा तोयामा खियामा हेच्चाकुप्पा नागेलुम तथा प्रकृतिको संझना गर्दै तिन चूलाबाट बल माग्ने कार्य गरिन्छ ।

उधौली चूलापूजा गरेको दिन खन्ने, जोत्ने र टिप्ने कामहरु केहि पनि गरिदैन । उधौली चूलापूजा गर्ने दिन भन्दा अगाडीनै चोखो नया कोदोको जाड पकाई राख्नु पर्दछ । नया कोदो नपाकेको भए पुरानो कोदोमा विधिको लागी अलिकति नया कोदोको वाला सुर्काएर मिसाई जाड पकाउनु पर्दछ । कसैले चहि उधौली चूलापूजा गर्ने दिनै नया कोदो ल्याएर त्यसमा पानी मर्चा मिसाई प्रयोग गर्दछ ।

## ४. आवश्यक सामाग्रीहरु

1. एउटा भाले र एक अण्डा
2. थान थपनाको लागि सेउली, केराको पात र फुलपातीहरु ।
3. पौराणिक हात हतियारहरु, धनुकाँड, भाला, खुकुरी, हसियाँ, खुर्पा आदि ।
4. थुम्से, डालो, नाङलो, माना, पाथि, बासको ढुङग्रो, भाँडा कुँडाहरु ।
5. कासको थाल, चामल, चोखो अदुवा, धुप, दियो बत्ति, लाईटर, कलश ।
6. अन्नहरु धान, कोदो, कागुनी आदि ।
7. रक्सि भरेको चिण्डो (रक्सि पाएन भने कोदो र मर्चा मिसाएको) ।
8. बल्याम्खा (कुबि बस्ने कुर्सी)

## ५. चूलापूजा प्रार्थना:

हे पितापुर्खाहरुहो,
हे सुम्निमा पारुहाङ ।
हे नागनगेनी, सिमेभुमेहरु हो ।

तपाँईहरुले हामीलाई जन्म दिई,
मानव संसार बसाउनु भयो ।
धर्तीलाई अन्न योग्य बनाई,
हामीलाई बचाउनु भयो ।

हामिले बंश, दाजुभाई, र कुटुम्ब स्वरुप,
तिनचुला स्थापना गरेका छौं ।

समस्त मानव समुदाय र प्रकृति संरक्षणको लागि,
भक्ति भाव गर्दछौं ।

मानव दुख, बिमार, कष्ट सारी दिनु होला,
सुख, सम्बृद्धि र लामो आयु दिनु होला ।
झैझगडा, आपत बिपतबाट जोगाई दिनु होला,
आजको भन्दा अझ अघि बढ्ने, बाटो देखाई दिनु होला ।

कुनै कामको थालनी, कर्मधर्म गर्न अगावै,
सदैव तिन चूला पुजने छु ।
चिताएको काम, मनोआकांक्षा पुरा होस भनि,
चूला प्राथना गर्दछु ।

सदैव किरात धर्म, संस्कार, संस्कृती मान्नेछु ।
सदैव तिन चुलाको रक्षा गर्नेछु ।
कथंकदाचित बाटो बिराएको भए माफी माग्दै ।
सदा तिनचुला मान्ने प्रण गर्दछु ।

जय पितापुर्खाहरुहो,
जय सुम्निमा पारुहाङ ।
जय नागनगेनी, सिमेभुमेहरु हो ।

## अस्थाई भुमेथान :

(साम्पाङ खोलातिर) बैशाखे पुर्णीमाको दिन घाम झुल्किए पछी किरात राईहरुले आ–आफ्नो घरमा चूलापूजा गर्नु पर्दछ । त्यसपछि पितृधामी / कुलधामीको साथ मसूमे, कङ्कदे, ढोले र जानिफकार बुढापाकाहरु सबै जना कुन दाजुभाईहरुको घरमा पूजा गर्ने हो सो घरमा जानु पर्दछ । चूलापूजा गर्नेघर पहिलानै टुङगो गरिसकेको हुन्छ ।

चूलापूजा गर्ने घरमा अस्थाई भुमेथान बनाई एउटा सेउलीको लिङ्गो गाडी राखेको हुन्छ । लिङ्गोसंगै फूलहरु (बोट सहितको) पनि गाडिराख्नु पर्दछ । एक कठुवा रक्सि र कलश पनि त्यहिनिर राख्नु पर्दछ । एउटा दुनामा पहेलो परिएको चामल राखिन्छ । कूबीको भाला पनि लिङ्गोको फेदमा गाडि राख्नु पर्दछ । सबैजना आई सकेपछि कूबीले मून्धूम बाचन गर्दछ । जानिफकार बुढापाकाहरुले चाहिँ त्यहाँ राखिएको सामाग्रीहरु मन्साएर कलशको पानी र दुनाको पहेलो चामलले सबैजनालाई छर्किएर त्यहाँ उपस्थित हुनेहरुलाई टीका लगाई दिन्छन ।

## अस्थाई भुमेथानमा बाचन गरिने मून्धूम :

साम्पाङ भाषामा,

हमो...... नक साप्तेक, वालीखाक साखेल्खूना, सूबीखूना, चारीखू वलूखू कँङा कूबीमहपा, सीलीमहपा, बूक्छापा दूखीसूँपा मान्डीसूँपा मान्धाईसूपा मान्डीतो, मान्धाईतो अँ बीछूरीलो बाछूरीलो, अँ चूप्सँनी बँतँनीलो, कङकदे, कुसूरुप्पालो मसूमे मेदूमेलो, अँ तायामी ताङ्खीमीलो, अँ चासूमी, बूलूमी, खारुमीलो लायँसँकके ।

छीरीलावा, पपीलावा, वतूपलावा, वरीलावा, मान्धाईरीयो रीयालोतो रेछालोतो लायँसँकके । छेकूलावा, सीबीलावा, मदीलावा, दूदूलावा, लावाभ्याम्तो, कूबीलावा, तायालावा लावाभ्याम्तो, नीनाम्लोतो नाम्छूलोतो हँसँलेका हँलँलेका साखेल्बू सूबीखू चारीखूहँचेऊ सेममून्छूङ स्याचीमून्छूङ पेकानूम्वो ।

थनवा रुबूसूङ ताया तोलानूम्, दङखनी दँलँनीसँ ताया तोलानूम् । सीम्कूरी माकूमरीसँ ताया तोलानूम । चासूम पेकानूम, बूलू पेकानूम, रुँरी पेकानूम्वो साखेवाहँचेऊ, सूबीवाहँचेऊ ।

## ६. चूलापूजा बिधि :

अस्थाई भुमेथानको कार्य गरिसकेर कूबीमी र ढोलेहरु घर भित्र प्रवेश गर्दछन । चूलाको वरिपरि लिपेर ढोलेहरुले कूबीमीको थानथपना बनाउदछन् । थान थपना बनाउदा दुइपत्र केराको पात ओछयाएर अलिकति चामल राखि त्यसमाथि दियो बाल्नु पर्दछ । चामलको दायाँबायाँ कलश राख्नु पर्दछ । एक दुई वटा हतियार पनि त्याहानिर ठडाएर राख्नु पर्दछ । थान थपनाको तलतिर कूबी बस्ने बाल्याम्खँ राखिदिनु पर्दछ । थान थपना बनि सके पछि कूबी बाल्याम्खँमा बसि चूला पुर्काद छ । कूबीको दायाँबायाँ दुवैतिर मसूमे, कङकदे ढोले र जानिफकार बुढापाकाहरु बस्नु पर्दछ । ढोलेहरुले ढोल र मसूमेहरुले झ्याम्टा बजाउँदछन । कूबी र जानिफकार ब्याक्तिले जाँड भएको चिन्डो प्रयोग गर्दछन । तूम्साबूले चाहिँ रक्सि भएको चिन्डो प्रयोग गर्दछन । यस दिन कूबीले पुरानो अदुवाको प्रयोग गर्दछन । सबै जना तयारी भएर आ–आफ्नो स्थानमा बसिसकेपछि कुखुराको भालेको खुट्टा र टाउको चोख्याई (धोएर) कूबीलाई दिनु पर्दछ । कूबीले एक हातमा भाले र अर्को हातमा चिन्डो समातेर चूलापूजा मून्धूम बाचन गर्दछन ।

## ७. चूलापूजा मुन्धुम :

प्रथम,

हमो..... बूक्छामीहँचेऊ, नागा ह्यालापा छोरुमी कँसूमीहँचेऊ, छीदाम्पूरी धीदाम्पूहँचेऊ, कँङा कूबीमहपा, सीलीमहँपा, चारीमहँपा मूक्तीमहँपा, दूखीसूँपा मान्डीसूपा, बबँसूपा सूयापमो । सेममान्दुङ स्याचीमान्दूङ कङा बूक्छामी आम्नु चाचायोछा, छीलाम् धीलाम् सेम स्याची प्यावँखँनूम्वो ।

हमो..... साखेल्खूना सूबीखूना साप्ताला बूकूमा वलीखापी अँ बीछूरी बाछूरीलो, सूनाठोला सुनाहरलो, साम्लालोतो मसूमे मेदुमेलो, तायामी ताङ्खीमीलो कङ्कदे, केरेरेलो, अँ रुमीपमीलो, वतूपलावा वरीलावा लावाभ्याम्तो, कूबीलावा, तायालावा, लावाभ्याम्तो, चासूम्साया, बूलूसाया सायाभ्याम्तो, सखेल्खू सूबीखूहँचेउ, छूङ्छानी पतानूम्वो । वलँनी कतँनी अतनी के ।

कूबीले यति मून्धूम बाचन गरि सकेपछि भालेको शिरमा अक्षता र अदुवा चढाएर चिन्डोको जाँडले खन्याई एक पटक पर्छाउँछन । कुखुराले पर्छिएपछि चूलामा पनि चिन्डोको जाँडले खन्याउँछन । यतिवेला नै अन्य जानिफकार ब्यक्ति र कङकदेहरुले पनि चिन्डोको रक्सिले चूलामा खन्याउँदछन ।

दोस्रो,

हमो..... बूक्छामीहँचेऊ, नागा ह्यालापा छोरुमी कँसूमीहँचेऊ । साप्सामी, दीबूमी, कूबीमी, लसमी तायामीहँचेऊ, चासूम् पेकानूम्, बूलू पेकानूम्, रुँरी पेकानूम्, साखा पेकानूम्, सखेल्खू सूबीखूमी मून्छूङ् पेकानुम्वो । छीलाम धीलाम पेकानूम् न सँरीवापा धीरीवापा, सलवाधी वलवधीवा यँ लोमा लोकीहनीकपी छूङ्छानी खाङानुम्वो ।

अघिजस्तै गरेर भालेलाई पर्छाई सबैजनाले चिन्डोको जाँडरक्सिले चूलामा खन्याउँदछन ।

अन्तिम,

हमो..... बूक्छामीहँचेऊ, नागा ह्यालापा छोरुमी कँसूमीहँचेऊ, चासूमी, बूलूमीहँचेऊ, कूबीमी तायामीहँचेऊ छीलाम् धीलाम् लीतानूम्, साखेवा सूवीवामी मून्छूङ् पेकानूम् । सँरीवापालो सलवाधी अलवाधी, खामवा खाप्चीवा, सूबीदाम, चासूम, बूलूवासँ लोकीहनी, छँरीसा वादाम्सालो, हूपेर् वासा, लँपेर् वासा, ङाछीलीसा, धीलूङ्सालो धीरीवापा सँरीवापालो लोकीहनीके सेममून्छूङ् लेमाछी । साखेवा फल्सी खातेकाकपी साखेवा पेकानूम, सूबीवा पेकानूम्, चासूमरुँरी पेकानूम, बूलूरुँरी पेकानूम, कूबीरुँरी, तायारुँरी पेकानूम्, खचूचूप्पा नारीता मूचीलो नागीलूङ् नारीथापी लोकीहँनीके ।

अघिजस्तै गरेर भालेलाई पर्छाई सबैजनाले चिन्डोको जाँडरक्सिले चूलामा खन्याउँदछन ।

त्यसपछि अध्यक्षले भाले काटि तिन चूलामा चढाउनु पर्दछ । यतिबेला कूबी र मसूमेहरुले रीसीया गाउदै, सिली टिप्दै नाच्नु पर्दछ । त्याहाँ बस्नेहरुपनि उनीहरुसंगै नाच्नु पर्दछ । सबैजनाले नाच्दै चूलालाई तिन पटक परिक्रमा गर्नु पर्दछ ।

यसरी सिलीमा नाचिसकेपछि थानथपनामा राखिएको सामाग्रीहरु सबै देवदेवताको नाममा सार्नु पर्दछ । भालेको खुट्टा, पखेटा र कलेजो पोलेर सार्नु पर्दछ । मासु सार्दा सूवाँभारमा र चूलालाई चहिँ सफा पातमा सार्नु पर्दछ । अन्य घरपरिवारको देवदेवतालाई चाहिँ उनीहरुको आ–आफ्नो नाम्मा मन्साई दिनु पर्दछ ।

## ८. सिलि नाच्दा गाउने रीसीया

कूबीमीले रिसिया गाँउदछ,

चासूम्खूरुलो, बूलूखूरुलो दोलोकूम्मा दो
रुबीखूरुलो, सीखीखूरुलो दोलोकूम्मा दो
साप्साखूरुलो, दीबूखूरुलो दोलोकूम्मा दो
चासूमरुँरी, बूलूरुँरी, सीखीरुँरी पतूम्सूम्नेवो दोलोकूम्मा दो
नचुरी नहँरीसँ ताया तोलूम्सूम्ने दोलोकूम्मा दो
थनँवा रुबूसूङ्सँ ताया तोलूम्सूम्ने दोलोकूम्मा दो
सीकूमरी माकूमरीसँ ताया तोलूम्सूम्ने दोलोकूम्मा दो
दङखनी दलँनीसँ ताया तोलूम्सूम्ने दोलोकूम्मा दो
बूक्छामीचेऊ, रीयाहँचेऊ दोलोकूम्मा दो
साखेल्खू सूबीखूपी हँसँहँलँ लायेसेनेवो दोलोकूम्मा दो
कूबीमहपा, सीलीमहपा, मूक्तिमहपा, दोलोकूम्मा दो
मन्डीसूँपा, मन्दैसूँपा, बबँसूपा सूयामापो दोलोकूम्मा दो
छीलाम्ङतो धीलाम्ङतो लायेसेमो दोलोकूम्मा दो ।

## ९. निमन्त्रणा :

1. कूबीमीहरु
2. शिलिमोपा, शिलिमोमा
3. ढोले, झ्याम्टे, कलाकारहरु
4. संरक्षक तथा सल्लाहकारहरु –
5. भाषिक संस्था/भात्री संस्था
6. अन्य दाजुभाईहरु –

## १०. सुचना :

किराया हङकङले सदाबर्ष झैं यसबर्ष पनि साकेला उभौलिको शुरुवात बैसाखे पुर्णेको दिन चूलापूजा गरि ढोलझ्याम्टा फुकाई पुर्खाहरुबाट आर्शिबाद लिने कार्यक्रम रहेकोले ईच्छुक दाजुभाई दिदिबहिनिहरु निम्न मिति, स्थान र समयमा आर्शिबाद लिन उपस्थित भैदिनहुन हार्दिक अनुरोध गर्दछौं ।

## ११. खानपान

उपस्थित दाजुभाई दिदि बहिनीहरुलाई खानपान गराउनु पर्दछ ।

## १२. शिर उठाउनी :

खानपान गरिसके पश्चात कूबीमीहरुलाई शिर उठ्याउने चलन रहेको छ ।

## १३. आयश्रोत :

हरेक भाषिक संस्थालाई भालेस्वरुप ३०० र अन्य ईच्छुक भाले चढाउने महानुभावहरुलाई २०० भेटि उठाईने छ ।

## १४. कार्य बाँडफाँड :

| | |
|---|---|
| निमन्त्रणा | प्रचार पसार, दस्तावेजीकरण, छपाई तथा दृश्यंकन विभाग |
| थान थपना | किरात धर्म संस्कार संरक्षण तथा चुलासेवा विभाग |
| खानपान तयारी | सुम्निमा मौलिक खानपान तथा भान्छा सेवा बिभाग |
| सरसफाई | सरसफाई तथा फोहरमैला ब्यावस्थापन विभाग |

## १५. कार्यक्रमको रुपरेखा :

1. आशन ग्रहण – अध्यक्ष तथा आमन्त्रित ब्यक्तिहरु
2. चूलापूजा बारेमा – उपाध्यक्ष
3. चूलापूजा प्रार्थना बाचन–
4. मुन्धुम बाचन – कूबीमी
5. कुखुरा चढाउने – अध्यक्षबाट
6. सिलि नृत्य – शिलिमोपा, शिलिमोमा, ढोले, झ्याम्टे, कलाकारहरु
7. सगुन बितरण –
8. कजेरी र धामीको शिर उठाउनी – अध्यक्ष
9. समापन – अध्यक्ष